प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/१/२५

कोभिड - १९ को मध्यम, जटिल र अति जटिल केश व्यवस्थापनका लागि तोकिएका Level 2 अस्पतालको तयारी तथा Clinical Management मूल्यांकन सुदृढिकरण गर्नका लागी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिने स्व-मुल्यांकन अभिमुखीकरण कार्यक्रमको पुर्व तयारीका लागी आज विश्व स्वास्थ्य संगठन र गोरखा वेलफेयर ट्रष्टका प्रतिनिधि बीच एक बैठक सम्पन्न भएको छ।

आज Health Cluster Coordination को पाँचौं भर्चुअल बैठकमा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले गण्डकी प्रदेशको कोभिड - १९ सम्बन्धि अद्यावधिक विवरण प्रस्तुत गर्नुभयो। उक्त अवसरमा उहाँले गण्डकी प्रदेश सरकारको मन्त्रीपरिषद बैठकले संघीय सरकारलाई गण्डकी प्रदेशमा सरुवा तथा संक्रामक रोग अस्पताल र प्रदेशस्तरीय शिक्षण अस्पताल स्थापना गर्नका निम्ति सशर्त अनुदानका लागी अनुरोध गर्ने, कोभिड - १९ संक्रमण नियन्त्रण र व्यवस्थापनका लागि खटिएका स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुका लागि प्रदेश सरकारले व्यवस्था गरेको बिमा, उपचार खर्च र भत्ता लगायतका सुविधाहरुको बारेमा जानकारी गराउनुभएको थियो। यसैगरी उहाँले गण्डकी प्रदेशका सबै जिल्लामा ICCU सेवा विस्तारका लागि प्रदेश सरकारले बजेट व्यवस्था गरेको विषयमा समेत प्रस्तुतीकरण गर्नुभएको थियो।

विश्वभरी कोभिड १९ को महामारीको सन्त्रास व्याप्त भइरहेकै अवस्थामा नेपालका विभिन्न जिल्लाहरुमा अर्को महामारी थपिएको छ। हालै मात्र धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिकामा फैलिएको दादुरा खोपको महामारी फैलिदै गएर गोरखाको गण्डकी गाउँपालिकामा समेत महामारी फैलिएपछि गण्डकी प्रदेशले यसको तुरुन्तै नियन्त्रण गर्ने प्रकृया अगाडि बढाएको छ।

यसका लागी सुक्ष्म योजना तयार भई भोली वैशाख २६ गतेदेखि ९ महिनादेखि ५ वर्ष सम्मका बालबालिकाको लागी महामारी नियन्त्रण स्वरुप खोप कार्यक्रम सञ्चालन हुदैंछ। वैशाख २६ देखि वैशाख ३१ सम्म सञ्चालन हुने खोप कार्यक्रम अन्तर्गत कुल ४३ वटा खोप केन्द्रबाट खोप सञ्चालन गरिनेछ। ९ देखि २३ महिनासम्मको ५५८ जना र दुई वर्ष देखि ५ वर्षसम्मको ११४९ गरी कुल १७०७ को संख्यामा रहेको लक्षित बालबालिकाको लागी भोलीदेखि खोप सञ्चालन हुदैंछ।

प्रदेश ५ बाट प्राप्त सबै ६८ वटा नमुनाको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परिक्षण नेगेटिभ आएको छ।

आज थप ५ जनाको PCR परिक्षणका लागि नमुना संकलन गरिएको छ। अहिलेसम्म गण्डकी प्रदेशमा ६९० जनाको नमुना संकलन भएको छ जसमा ६८५ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ र ३ जनाको परिक्षण परिणाम आउन बाँकी रहेको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ६३७७ जनामा RDT परिक्षण गरिएको छ।

**डा विनोद विन्दु शर्मा**
**निर्देशक**

Website: http://hd.gandaki.gov.np/    Email Address: hd.gandaki@gmail.com